# पाठ - 8

الدرس الثامن - نيبالي

## लाइलाह इल्लल्लाहको शर्तहरू

تابع شروط لا إله إلا الله

**६ - शुद्धता :** शुद्ध मन्ले आफ्नो कर्मलाई शिर्कको मिश्रणबाट बचाएर सफा राख्नु, अर्थात मान्छेको सबै कर्म र सबै कार्यहरु मात्र एक अल्लाहको लागि र उहाँको खुशी प्राप्तिको लागि होस्, त्यसमा देखावा, र निजी फायदा, अथवा अरु कुनै खास प्रकारको चाहना र लालसाको मिश्रण पनि नहोस, नत कुनै व्यक्ति, र कुनै धर्म वा कुनै व्यक्तिको प्रेममा होस, बरु मात्र अल्लाहको खुशी र प्रलोकमा सफलता प्राप्त गर्नको लागि होस, र कुनै व्यक्ति सँग प्रतिफल र धन्यवाद पाउने आशा पनि नलिइएको होस, अल्लाह तआलाले भन्नु भयो :

* أَلَا لِلَّهِ الدِّينُ الْخَالِصُ * الزمر: ٣

खबरदार ! उपासना खास अल्लाह कै लागि हो । अर्को ठाउँमा अल्लाह तआलाले भन्नु भएको छ : *وَمَا أُمِرُوا إِلَّا لِيَعْبُدُوا اللَّهَ مُخْلِصِينَ لَهُ الدِّينَ * البينة: ٥

उनीहरुलाई मात्र यही आदेश दिइएको थियो कि निष्ठापूर्वक अल्लाहको उपासना गरुन र एकाग्र भएर उसैकोलागि धर्मलाई शुद्ध राखून ।

बुखारी र मुस्लिमको हदीसमा छ ईतबानﷺ को वृत्तांत हो कि रसूल ﷺ ले भन्नु भयो

*فَإِنَّ اللَّهَ قَدْ حَرَّمَ عَلَى النَّارِ مَنْ قَالَ: لَا إِلَهَ إِلَّا اللَّهُ، يَبْتَغِي بِذَلِكَ وَجْهَ اللَّهِ *

अल्लाहले नरक माथि त्यस व्यक्ति लाई बर्जित गरिसकेका छन जुन व्यक्तिले मात्र अल्लाहको खुशीको लागि लाइलाह इल्लल्लाहको गवाही दिएको छ » (बुखारी - ४२५,मुस्लिम , ३३)

**७ - प्रेम :** लाइलाह इल्लल्लाह : यस शब्द, र यसको अर्थ, र यसको लागि अनिवार्य कुराहरु प्रति प्रेमको भावना उतपन्न गर्ने, अर्थात अल्लाह र रसूल ﷺ सँग प्रेम गर्ने उहाँको प्रेम चाहिं सबै प्रकारको प्रेम भन्दा माथि राख्ने, र प्रेमको शर्त र त्यसको लागि अनिवार्य कुराहरुलाई पुरा गर्ने, अल्लाह सँग प्रेम गर्नका साथ साथै महानता, आदर, डर, र आशाको भावना पनि राख्ने, र जुन कुराहरुसित अल्लाहले घृणा गर्नु हुन्छ भने त्योसित घृणा गर्ने,

*يَا أَيُّهَا الَّذِينَ آمَنُوا مَنْ يَرْتَدَّ مِنْكُمْ عَنْ دِينِهِ فَسَوْفَ يَأْتِي اللَّهُ بِقَوْمٍ يُحِبُّهُمْ وَيُحِبُّونَهُ أَذِلَّةٍ عَلَى الْمُؤْمِنِينَ أَعِزَّةٍ عَلَى الْكَافِرِينَ
يُجَاهِدُونَ فِي سَبِيلِ اللَّهِ وَلَا يَخَافُونَ لَوْمَةَ لَائِمٍ * المائدة: ٥٤

हे ईमान ल्याएका मानिसहरु, यदि तिमीहरु मध्ये कोही आफ्नो धर्मबाट बिमुख भइहाल्छ भने अल्लाहले यस्ता मानिसहरुको सृष्टि गर्नेछन जसलाई अल्लाले माया गर्नेछन र तिनीहरुले पनि अल्लाहलाई माया गर्नेछन् । तिनीहरु मोमिन सँग नर्मीको व्यवहार गर्नेछन र नासतिक सँग कठोरताको, अल्लाहको मार्गमा जिहाद (धर्म युद्ध) गर्ने छन र कुनै तिरस्कृत मानिसको तिरस्कारको वासता गर्ने छैनन् ।